# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७४/११/११ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

घारी मेहेलकुना ईलाका वन कार्यालय सुर्खेतमा कार्यरत वनरक्षक हरिलाल राना क्षेत्रीले जिल्ला सुर्खेत गुर्भाकोट नगरपालिका-६ बाट प्रहरीले वेवारीसे रुपमा वरामद गरी कारवाहीको लागि घारी मेहेलकुना ईलाका वन कार्यालय, सुर्खेतमा दाखिला गरेको अवैध सालको काठको मुद्दा सहजीकरण गरी मिलाइदिने भनी स्थानीयहरुलाई प्रलोभन देखाई डर त्रासमा पारी घुस रकम माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतबाट खटिइ गएको टोलीले निजलाई रु.९८,०००/-(अन्ठानब्बे हजार) घुस रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिइ अनुसन्धान हुँदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम कसुर गरेको देखिन आएकोले बिगो रु.९८,०००/-(अन्ठानब्बे हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (ग) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(पदमप्रसाद पाण्डेय)
सहन्यायाधिवक्ता एवं प्रवक्ता